# सुरक्षित आप्रवासन परियोजनाको सचिवालय

## सेवा करारमा कर्मचारी पदपुर्ति सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति : २०७६।१०।०४गते

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारको दुई पक्षिय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र **बिदुर नगरपालिका, वेलकोटगढी नगरपालिका, लिखु गाउँपालिका र शिवपुरी गाउँपालिका**ले यस **नुवाकोट** जिल्लामा सञ्चालन गर्न गईरहेको सुरक्षित आप्रवासन परियोजना(Safer Migration Project)का लागि निम्नानुसारको जनशक्ति सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धीत स्थानीय तहबाट निर्धारित ढाँचाको फारम भरी निम्न बमाजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त आब्हान गरिएको छ ।

| क्र.स. | बिज्ञापन नं. | पद | माग संख्या | कार्यक्षेत्र | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०७६/७७ | लेखा तथा प्रशासन अधिकृत | १(एक) | विदुर न.पा. | रु.१००० |
| २ | २/२०७६/७७ | सूचना तथा परामर्शकर्ता | १(एक) | विदुर न.पा. | रु.७०० |
| ३ | ३/२०७६/७७ | मनोसामाजिक परामर्शकर्ता | ४(चार) | १ स्थानीय तहमा १ जना | रु.७०० |
| ४ | ४/२०७६/७७ | बित्तिय साक्षरता सहजकर्ता | ३(तीन) | बिदुर बाहेकका १ स्थानीय तहमा १ जना | रु.७०० |
| ५ | ५/२०७६/७७ | रिटर्नी स्वयं सेवक | १२ (बाह्र) | १ स्थानीय तहमा ३ जना | रु.४०० |

**न्यूनत्तम योग्यता र अनुभव**

**क) उमेर (सबै पदको लागि) :** दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको ।

**ख) लेखा तथा प्रशासन अधिकृतको लागि** : लेखा/व्यवस्थापन विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र लेखा/व्यबस्थापन सम्वन्धित विषयमा कम्तीमा ३ वर्षको कार्यानुभव ।

**ग) सूचना तथा परामर्शकर्ताको लागि :**प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको, परामर्श कार्यमा वा सामाजिक परिचालनमा कम्तिमा ३ वर्षको कार्यानुभव भएको ।

**घ) मनोसामाजिक परामर्शकर्ताको लागि** : प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको । मनोसामाजिक परामर्श कार्यमा २ वर्षको अनुभववा सो सम्वन्धी आधारभूत तालिम लिएको वा अन्य परामर्श सम्वन्धी कम्तिमा १ वर्षको अनुभव गरेको

**ङ)बित्तिय साक्षरता सहजकर्ताको लागि :**प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको वित्तिय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको ।

**च) रिटर्नी स्वयं सेवकको लागि:** ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको । वैदेशिक रोजगारको लागि खाडी मुलुक र मलेसियामा गई कम्तीमा १ वर्ष वा सो भन्दा माथी काम गरेको ।

**दरखास्त दिने स्थान** :जुन कार्य क्षेत्रमा काम गर्न चाहने हो सोही क्षेत्रको स्थानीय तह । आवेदकले एक भन्दा बढी स्थानीय तहमा आवेदन दिनपाईने छैन तर एक भन्दा बढी पदमा भने आवेदन दिनपाईने छ ।

**परिक्षाको किसिम र मिति :** लेखा तथा प्रशासन अधिकृतको लागि १०० पूर्णाङको सेवा सम्बन्धी विषयतग र ५० पूर्णाङको बस्तुगत बहुबैकल्पीक र अर्न्तवार्ता । सूचना तथा परामर्शकर्ता, मनोसामाजिक परामर्शकर्ता र वितिय साक्षरता सहजकर्ताको लागि आ-आफ्नो विषयसंग सम्बन्धीत १०० पूर्णाङको बस्तुगत बहुबैकल्पीक र अन्तर्वाता । रिटर्नी स्वयं सेवकको लागि अन्तर्वाता । परिक्षा मिति दरखास्त वुझाउने अन्तिम मितिको भोलिपल्ट तोकिने छ ।

**पारिश्रमिक** : उल्लेखित सबै पदको पारिश्रमिक परियोजनाको नियमानुसार रहने छ ।

**द्रष्टब्य**

१. दरखास्त साथ शैक्षिक प्रमाण पत्र (लब्धांक पत्र, चारित्रिक प्रमाण पत्र), नेपाली नागरिकताको प्रमाण पत्र, कार्य अनुभवहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

२. रित पुर्बक नठहरिएको र म्याद नाघि आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

३. थप जानकारीका लागि आफुले आवेदन दिन चाहेको स्थानीय तहमा सम्पर्क गर्न सकिने छ । साथै www.belkotgadhimun.gov.np मा हेर्न सकिनेछ ।

सामी परियोजनाको सचीवालय